# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०८०/०७/१३ गते ।

आयोगले उच्च शैक्षिक संस्थाहरूको प्रशासनिक तथा भौतिक सुविधा विकास, अनुसन्धान पूर्वाधार तथा संस्कृतिको विकास र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन कार्यक्रमका साथै उच्च शैक्षिक संस्थामा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरूका लागि गुणस्तर सुधार कार्यक्रम, विद्वतवृत्ति, अनुसन्धान सहायता, क्षमता अभिवृद्धि कार्यक्रम, तालिम र छात्रवृत्ति लगायतका विभिन्न कार्यक्रमहरूद्वारा उच्चशिक्षाको विकास, विस्तार र समग्र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले निम्नानुसारका कार्यक्रमहरू आ. व. २०८०।०८१ मा सञ्चालन गर्ने भएकाले यो सूचना प्रकाशित गरेको छ । सरोकारवालाहरूले तल उल्लिखित कार्यक्रमका लागि आयोगको कार्यक्रम कार्यविधि, २०८० मा तोके बमोजिमको ढाँचामा रही छुट्टाछुट्टै आवेदन र प्रस्ताव उल्लिखित समयसीमाभित्र पेश गर्नहुन सूचित गरिन्छ । विस्तृत जानकारीका लागि कार्यक्रम कार्यविधि, २०८० आयोगको वेवसाइट www.ugcnepal.edu.np मा राखिएको छ । कार्यविधिको प्रकाशित पुस्तिका आयोगबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदन/प्रस्ताव उपर कुनै कारवाही हुने छैन । झुटो विवरण पेश गरेमा आवेदन रद्द गरी भविष्यमा आयोगबाट प्रदान गरिने अनुदानबाट वञ्चित गरिनेछ ।

| **१. संस्थागत विकास अनुदान – सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूका लागि** | | | **आवेदन/प्रस्ताव दर्ता गर्ने समयसीमा** |
|---|---|---|---|
| क. | **नियमित अनुदान** | ● नियमित अनुदानका लागि क्याम्पसहरूले आवेदन दर्ता गर्नु पूर्व ugc.nitc.gov.np:81 मा गई Online Data अनिवार्य रुपमा भरेको हुनुपर्नेछ । नयाँ क्याम्पसहरूले Online Data भर्नका लागि Username र Password आयोगको अनुदान निर्धारण शाखाबाट प्राप्त गर्न सक्नेछन् । क्याम्पसले Online Data भर्दा राष्ट्रिय वाणिज्य बैंकको खाता नं., सम्पर्क नं. र क्याम्पसको ईमेल ठेगाना अनिवार्य रूपमा भर्नुपर्नेछ ।<br>● नियमित अनुदान प्राप्त गर्नका लागि न्युनतम विद्यार्थी संख्या हिमाली जिल्लामा ५०, पहाडी जिल्लामा ७५, तराईका जिल्लामा १०० र काठमाडौं उपत्यकाभित्र १२५ जना हुनुपर्नेछ । | ● वागमती र गण्डकी प्रदेशका लागि २०८०/८/१९ गते कार्यालय समयभित्र ।<br>● कोशी, मधेश र लुम्बिनी प्रदेशका लागि २०८०/८/२४ गते कार्यालय समयभित्र ।<br>● कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि २०८०/८/२९ गते कार्यालय समयभित्र । |
| ख. | **भौतिक सुविधा विकास अनुदान**<br>● भवन निर्माण<br>● पुस्तक खरीद<br>● फर्निचर खरीद<br>● उपकरण खरीद<br>● अतिरिक्त क्रियाकलापका लागि संरचना विकास | ● भवन निर्माण अनुदानका लागि न्यूनतम विद्यार्थी संख्या हिमाली जिल्लामा ६०, पहाडी र तराई/भित्री मधेशका जिल्लामा १०० र काठमाडौं उपत्यकाभित्र १४० जना हुनुपर्नेछ ।<br>● क्याम्पसले प्राथमिकताको आधारमा बढीमा २ वटा शीर्षकमा आवेदन दिन सक्नेछन् ।<br>● अतिरिक्त क्रियाकलापका लागि संरचना विकास अनुदानअन्तर्गत यस अघि यस शीर्षकमा अनुदान प्राप्त नगरेका क्याम्पसहरूले प्रस्ताव पेश गर्न सक्नेछन् । | |
| ग. | **विशेष अनुदान** | औपचारिक रूपमा पठनपाठन सुरु भई दुई वर्ष पूरा गरेका र नियमित अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूले आवेदन दिन सक्नेछन् । विशेष अनुदानका लागि न्यूनतम विद्यार्थी संख्या, हिमाली जिल्लामा ५०, पहाडी जिल्लामा ७५, तराईका जिल्लामा १०० र काठमाडौं उपत्यकाभित्र १२५ जना हुनु पर्नेछ । | |

**२. गुणस्तर सुधार कार्यक्रम**

| **अनुसन्धान सहायता कार्यक्रमहरू** | | **आवेदन/प्रस्ताव दर्ता गर्ने समयसीमा तथा थप जानकारीका लागि** |
|---|---|---|
| क. | ■ **विद्वतवृत्ति**<br>● विद्यावारिधि वृत्ति तथा अनुसन्धान सहयोग<br>● दर्शनाचार्य वृत्ति | **आवेदन/प्रस्ताव पेश गर्ने अन्तिम मिति:** २०८०/०८/२४ गते कार्यालय समयभित्र ।<br><br>आवेदनका साथ पेश गर्नुपर्ने कागजात आयोगको कार्यक्रम कार्यविधि, २०८० को अनुसूचीमा दिइएको छ ।<br><br>अनुसन्धानसम्बन्धी आवेदनका हकमा Research Development and Innovation Programs Implementation Guidelines – 2021 बाट थप जानकारी लिन सकिनेछ ।<br><br>**थप जानकारीका लागि निम्न ठेगानामा** सम्पर्क गर्न सकिनेछ :<br>**विश्वविद्यालय अनुदान आयोग**<br>सानोठिमी, भक्तपुर<br>फोन नं. ०१-६६३८५४८/४९/५०<br>फ्याक्स नं. : ६६३८५५२<br>वेवसाइट : www.ugcnepal.edu.np<br>इमेल : ugc@ugcnepal.edu.np |
| ख. | **अनुसन्धान प्रबर्द्धन**<br>■ लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान<br>■ फ्याकल्टी अनुसन्धान अनुदान<br>■ सहकार्यात्मक अनुसन्धान अनुदान<br>■ सहकार्यात्मक अनुसन्धान तथा नवप्रवर्तन अनुदान | |
| ग. | राष्ट्रिय महत्वका विषयमा नवप्रवर्तनात्मक प्राविधिक तथा वैज्ञानिक अनुसन्धान | |
| घ. | प्राविधिक तथा वैज्ञानिक अन्वेषण तथा नवप्रवर्तनात्मक कार्यका लागि अध्ययन, अनुसन्धान (शैक्षिक अनुसन्धान, उपकरण तथा परामर्श) | |
| ङ. | उच्च शैक्षिक संस्था तथा अन्य प्राज्ञिक निकायहरूबाट प्रकाशन भएका समकक्ष समीक्षित (Peer–reviewed) जर्नल वर्गिकरण | |
| **छोटो अवधिका तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू तथा अन्य** | | |
| क | ■ पुनर्ताजगी तालिम<br>■ क्षमता विकास तालिम<br>■ अनुसन्धान विधि तालिम | |
| ख | ■ शैक्षिक संस्था उद्योगी - व्यवसायी सम्वाद<br>■ स्थानीय तथा राष्ट्रिय स्तरको गोष्ठी/कार्यशाला/सम्मेलन | |
| ग | उच्च शैक्षिक संस्थामा प्राध्यापकको भ्रमण | |
| घ | क्याम्पस प्रमुखका लागि शैक्षिक योजना तथा प्रशासनसम्बन्धी तालिम | |
| ङ | विश्वविद्यालय - समुदाय सम्पर्क कार्यक्रम | |
| **अन्य कार्यक्रमहरू (वर्षभरी नै आवेदन दिन सकिने कार्यक्रमहरू)** | | |
| क | पोस्टडक्टरल वृत्ति | |
| ख | विद्यावारिधिका लागि आंशिक सहयोग | |
| ग | अपाङ्गता भएका विद्यार्थीलाई शोधग्रन्थ तयारीका लागि सहयोग | |
| घ | जर्नलमा लेख प्रकाशन सहयोग | |
| ङ | प्याटेन्ट (एकस्व अधिकार) सहयोग | |
| च | रेफरीड जर्नल प्रकाशन गर्न सहयोग (Support for indexing Peer Reviewed Journals) | |
| छ | सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान | |
| ज | गोष्ठी/कार्यशाला/सम्मेलन - अन्तर्राष्ट्रिय स्तरको | |
| झ | विशेष अध्ययन/अनुसन्धानका निमित्त वैदेशिक भ्रमण | |
| ञ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको आशय-पत्र | |